कोशी प्रदेश सरकार

खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय

## कनकाई सिँचाइ व्यवस्थापन कार्यालय

गैडे, झापा, नेपाल

सूचना प्रकाशित मितिः २०८३।०२।०६

## ठेक्का तोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस कनकाइ सिँचाइ व्यवस्थापन कार्यालय, झापा र जय राजाजी बाबा कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा. लि., टोखा–९, काठमाडौं को निर्माण कार्यका लागी ठेक्का नं. : KIMO/WORKS/SQ–03/2082-83 अन्तर्गत मिति २०८२।०९।०९ मा सम्झौता भएको तर हालसम्म निर्माण कार्य प्रारम्भ नभएको हुनाले ठेक्काको शुन्य प्रगति भएको, कुनै समस्या बिना लामो समयदेखि निर्माण कार्य शुरु नभएको र यस कार्यालयबाट निर्माण कार्य अगाडि बढाउन भनी विभिन्न मितिमा लिखित तथा मौखिक ताकेता गर्दा समेत कार्य प्रारम्भ नगरेको, कार्यालयको कुनै पनि पत्राचारको लिखित जवाफ नदिएको तथा कार्यतालिका पेश गर्ने सम्बन्धी कार्यालयको पत्रलाई समेत बेवास्ता गरी निर्माण कार्य शुरु नगरेको तथा सम्झौता समाप्त हुने मिति २०८३।०२।१५ आई सक्दा पनि निर्माण कार्य सूचारु गर्ने कुनै चासो नलिएको हुँदा Contract Agreement को GCC ११.१ अन्तर्गतको Termination of Contract र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) आकर्षित हुने देखिएकोले ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का सम्झौता नतोड्नुपर्ने कुनै मनासिव कारण भएमा ७ (सात) दिन भित्र विश्वसनीय स्पष्टीकरण सहित आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी खरिद सम्झौता, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का सम्झौता अन्त्य गरी तत्पश्चात् गरिने सम्पूर्ण कानूनी कारबाही प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

| सि.नं. | निर्माण व्यवसायीको नाम, ठेगाना | ठेक्का सम्झौता नं. | कामको विवरण |
|---|---|---|---|
| १. | जय राजाजी बाबा कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि., टोखा–९, काठमाडौं। | KIMO/WORKS/SQ-03/2082-83 | Construction of RCC Canal Lining & Canal Formation Works at S-10, S-12 & S-16, T-09 Canals of KIS |

## धरौटी सदरस्याहा गर्ने सम्बन्धीको सूचना

यस कार्यालयले विभिन्न मितिमा बिल भुक्तानी हुँदा वा अन्य प्रयोजनमा धरौटी कट्टी दाखिला भई लामो अवधिसम्म धरौटी फिर्ताको लागि निवेदन भई नआएको साथै धरौटी फिर्ता लिनका लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सो अवधिभित्र र अवधि नतोकिएमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्ष समाप्त भइसकेका विभिन्न व्यक्ति, संस्था तथा फर्महरुको नाममा रहेको धरौटीको रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ र ६८, साथै कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६८ र ६९ बमोजिम सदर स्याहा गरी राजस्व खातामा आम्दानी बाँध्ने निर्णय भएकाले यो सूचना प्रकाशन गरिएको छ।

प्रयोजन समाप्त भएका व्यक्ति तथा फर्महरुको नामनामेसी तथा रकम सहितको विस्तृत विवरण यस कार्यालयको वेबसाइट kimo.koshi.gov.np, फेसबुक पेज Kankai Irrigation Management Office, Jhapa तथा सूचना पाटीमा समेत प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र उक्त धरौटी रकम फिर्ता लिन आवश्यक प्रमाण सहित कार्यालयमा निवेदन दिनुहुन सूचित गरिन्छ। अन्यथा कानुन बमोजिम धरौटी रकम सदरस्याहा गरिने व्यहोरा जानकारी गराइन्छ।

**कार्यालय प्रमुख**